आज मिति २०८१ जेष्ठ ०३ गते दिउसो १ बजे भेरीगंगा नगर कार्यपालिकाको ५२ औं बैठक भेरीगगा नगरपालिकाका नगर प्रमुख श्री यज्ञ प्रसाद ढकालज्युको अध्यक्षतामा भेरीगंगा नगरपालिकाको सभाकक्षमा तपशिल बमोजिमको उपस्थितीमा बसि देहाय बमोजिमका निर्णयहरु पारित गरियो ।

**तपसिल :**

श्री यज्ञ प्रसाद ढकाल, नगर प्रमुख
श्री धनसरा बोहरा, नगर उप-प्रमुख
श्री रमेश कार्की, का.वा. वडा अध्यक्ष वडा नं. १
श्री चिरन्जिवी बुढा, वडा अध्यक्ष वडा नं. २
श्री जीतबहादुर सुनार, वडा अध्यक्ष वडा नं. ३
श्री गंगाबहादुर खत्री, वडा अध्यक्ष वडा नं. ४
श्री प्रेमबहादुर सारु, वडा अध्यक्ष वडा नं. ५
श्री लालसिंह बुढाक्षेत्री, वडा अध्यक्ष वडा नं. ६
श्री कर्णबहादुर मिजार, वडा अध्यक्ष वडा नं. ७
श्री पुसे कामी, वडा अध्यक्ष वडा नं. ८
श्री धन बहादुर कामी, का.वा वडा अध्यक्ष वडा नं. ९
श्री विरबहादुर बस्नेत, वडा अध्यक्ष वडा नं. १०
श्री जयबहादुर नेपाली, वडा अध्यक्ष वडा नं. ११
श्री इन्द्रलाल गिरी, का.वा.वडा अध्यक्ष वडा नं. १२
श्री गणेशबहादुर भण्डारी, वडा अध्यक्ष वडा नं. १३
श्री शेरबहादुर कामी, कार्यपालिका सदस्य
श्री सहविर महर, कार्यपालिका सदस्य
श्री पवित्रा घर्ती, कार्यपालिका सदस्य
श्री गौमाया खत्री, कार्यपालिका सदस्य
श्री खगीसरा पुन मगर, कार्यपालिका सदस्य
श्री मानसिं परियार, कार्यपालिका सदस्य
श्री अमृता वि.सी. विष्ट, कार्यपालिका सदस्य
श्री ओविसरा बस्याल, कार्यपालिका सदस्य
श्री कृष्णप्रसाद पोखेल, (सचिव) प्रमुख प्रशासकीय अधिकृत

**सहयोगी कर्मचारीहरु :**

श्री मान बहादुर ठाडा, लेखाअधिकृत
श्री कुलबहादुर खड्का, प्रशासन शाखा
श्री डिल कुमारी राना, सहयोगी
आचार्य (MIS अपरेटर)

| क्र.सं. | बैठकका एजेण्डाहरु |
|---|---|
| १. | आ व २०८१/०८२ को बजेट तथा योजना सम्बन्धमा । |
| २. | अर्गानिक (प्राङगारिक) नमूना गाउँ सम्बन्धमा। |
| ३ | बिबिध सम्बन्धमा । |

## मिति २०८१।०२।०३ गतेको कार्यपालिका बैठकमा भएका निर्णयहरु :

**प्रस्ताव नं. १ : आ.व. २०८१।०८२ को बजेट तथा योजना सम्बन्धमा ।**

निर्णय नं. १ : यस भेरीगंगा नगरपालिकाको आ.व. २०८१।०८२ का लागि संघ तथा प्रदेश सरकारबाट प्राप्त बजेट सिलिङ्ग कार्यपालिका बैठकमा जानकारी गराइयो साथै आगामी बर्षका लागि सबै वडा कार्यालयहरुले अनिवार्य रुपमा टोल तथा बस्ती स्तरबाट सर्बपक्षीय भेला गराई जेठ १५ गतेभित्र योजनाहरुको प्राथमिकीकरण गरी यस भेरीगंगा नगरपालिकाको कार्यालयमा हार्ड कपी तथा इलेक्ट्रोनिक कपी सहित उपलब्ध गराउन सबै वडा कार्यालयहरुलाई निर्देशन दिने निर्णय सर्बसम्मतीले पारित गरियो ।

**प्रस्ताव नं. २ : अर्गानिक (प्राङगारिक) नमूना गाउँ सम्बन्धमा ।**

निर्णय नं. २: प्रस्तुत विषयमा कृषि विकास निर्देशनालय कर्णाली प्रदेश सुर्खेतको च.नं. ५००, मिति २०८१।०१।०४ गतेको प्रांगारिक स्थानीय तह घोषणा सम्बन्धि पत्र प्राप्त भई व्यहोरा अवगत भयो । सो सम्बन्धमा यस भेरीगंगा नगरपालिकाको वडा नं. ५ को लेखहात्तिखाल र व्यूरेनी गाउँ क्षेत्रलाई अर्गानिक (प्रांगारिक) नमूना गाउँ घोषणा गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो । साथै सोका लागि कर्णाली प्रदेश सरकारसंग निरन्तर समन्वय गर्ने निर्णय समेत गरियो ।

**प्रस्ताव नं. ३ : बिबिध सम्बन्धमा ।**

निर्णय नं. ३ (क): यस भेरीगंगा नगरपालिका अन्तर्गतका ठेक्का संझौता गरी सन्चालनमा रहेका तपसिल बमोजिमका योजनाहरुको सम्झौता अवधि सकिन लागेकोले तपसिल बमोजिमको कारणसहित म्याद थपका लागि निवेदन पेश भई आएकोले तपसिल अनुसार म्याद थप गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**तपसिल**

| क्र.सं. | योजनाको नाम | निर्माण कम्पनी | म्याद थपको कारण | थप हुने म्याद |
|---|---|---|---|---|
| १ | मैनतडा स्वास्थ्य चौकी भवन निर्माण, भेरीगंगा ८ | न्यू बिशाल कन्सट्रक्सन | कोभिड र आर्थीक मन्दी | २०८१।९।३० |
| २ | आधारभूत स्वास्थ्य संस्था भवन निर्माण, भेरीगंगा १ | प्रकाश निर्माण सेवा | यातायात र ढुवानीमा कठिनाई | २०८१।९।३० |
| ३ | डुमकोट दलित संग्राहलय भवन निर्माण, भेरीगंगा ८ | नेपाल मेगा, लामा प्रगति, सुवास जे.भि. | बर्षामा बाटो अवरोध हुने भएकोले | २०८१।९।३० |

निर्णय प्रमाणित

| | | | | |
|---|---|---|---|---|
| ४ | छिन्चु बसपार्क निर्माण, भेरीगंगा १२ | ग्रान्ड डिजाईन एन्ड कन्सट्रक्सन प्रा.लि. | निर्माण स्थलको सिमा क्षेत्र एकीन गर्न ढिलाई भएकोले | २०८२।३।३० |

निर्णय नं. ३ (ख): खानेपानी, सिचाई तथा उर्जा विकास निर्देशनालय सुर्खेतको च.नं. ६५०, मिति २०८१।०२।०३ गतेको पत्र प्राप्त भई व्यहोरा अवगत भयो । सो सम्बन्धमा आ.व. २०८१।०८२ का लागि तपसिल बमोजिमका योजनाहरु छनौट गरी पठाउने निर्णय सर्बसम्मतीले पारित गरियो ।

**तपसिल**

सिचाई कार्यक्रमतर्फ

| क.सं. | योजनाको नाम | स्थान | पानीको मुहान | अनुमानित लागत | कैफियत |
|---|---|---|---|---|---|
| १ | पाँडुले फाँट सिचाई योजना | भेरीगंगा ७ | भिङ्गनी खोला | करिब ३० लाख | करिब ३० हेक्टर सिचाई हुने क्षेत्र रहेको |

खनेपानी तथा सरसफाईतर्फ

| क.सं. | योजनाको नाम | स्थान | अनुमानित लागत | कैफियत |
|---|---|---|---|---|
| १ | चुच्चेगोठेरी तथा जलुकेनी धानखोरिया ऐभानलोसे टुटबारी खानेपानी आयोजना | भेरीगंगा ३ | करिब ५० लाख | |

निर्णय नं. ३ (ग): संघीय सरकारको सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत खरको छाना बिस्तापित गरी जस्तापाता लगाउने अभियानका लागि चालु आ.व. मा संघीय सरकारबाट प्राप्त भएको सशर्त अन्तर्गतको बजेटबाट यस अघि छनौट भई सूचीकृत भएका ब्यक्तिहरुको भवनमा जस्तापाता लगाउने कार्यलाई अगाडी बढाईदिन हुन सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय सर्बसम्मतीले पारित गरियो ।